# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११ ] काठमाडौं, श्रावण १६ गते २०१८ साल [ संख्या १६

### श्री ५ को सरकार

### गृह मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको निजामती सेवा (संशोधन) नियमावली २०१८ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

निजामती सेवा नियमावली, (यसपछि नियमावली भनिएको) मा संशोधन गर्नु वान्छनीय भएकोले ।

निजामती सेवा ऐन, २०१३ को दफा ४ र दफा ७ ले दिएको अधिकार र त्यस सम्बन्धमा प्राप्त अरू सबै अधिकारको प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमावली बनाएको छः—

१. संक्षिप्त नाम र प्रारम्भः—(१) यी नियमहरूको नाम निजामती सेवा (संशोधन) नियमावली, २०१८ रहेको छ ।

(२) यो नियमावली, २०१६ साल चैत्र ५ गतेदेखि प्रारम्भ भएको मानिएको छ ।

२. नियमावलीको परिच्छेद ७ मा संशोधनः— नियमावलीको परिच्छेद ७ को—

(क) नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः—

७. ३. उपदानः— ५ वर्षभन्दा बढी सरकारी नोकरी गरेका तर पेन्सन पाउने अवधि नपुगेका निजामती कर्मचारीले अवकाश लिएमा वा राजीनामा स्वीकृत गराई



389
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेवा वा पदबाट अलग भएमा, वा छटवी गरिएमा वा सेवा वा पदबाट मुक्त गरिएमा देहायका दरले उपदान पाउने छन् :–

(१) ५ वर्षदेखि १० वर्षसम्म अवच्छिन्न नोकरी गरेका निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त $\frac{1}{3}$ महीनाको औसत तलब,

(२) १० वर्षभन्दा बढी १५ वर्षसम्म अवच्छिन्न नोकरी गरेका निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त $\frac{2}{3}$ महीनाको औसत तलब,

(३) १५ वर्षभन्दा बढी २० वर्षसम्म अवच्छिन्न नोकरी गरेका निजामती कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त १ महीनाको औसत तलब ।

तर उपनियम (१) (२) वा (३) अनुसार पाउने उपदान क्रमशः ने.रु. ४०००।, ने.रु. ८०००। र ने.रु. १२००० भन्दा बढी हुने छैन र अस्थायी पदमा वा अस्थायी नियुक्ति हुने पदमा नियुक्त भएको निजामती कर्मचारीले यस नियम बमोजिम उपदान पाउन सक्नेछैन ।

(ख) नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छ:–

७. ४.पेन्सन:– २० वर्षभन्दा बढी समयसम्म अवच्छिन्न नोकरी गरेको निजामती कर्मचारीले नोकरी वर्ष औसत तलबको हिसाबले पेन्सन पाउने छन् ।

७५

तर यस नियम अनुसार पाउने पेन्सन मासिक ने.रु.४००। भन्दा बढी हुने छैन र भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरिएका कर्मचारीले यस नियम बमोजिम पेन्सन पाउन सक्नेछैन ।

(ग) नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ:–

७. ६. अशक्त पेन्सन र असाधारण पारिवारिक पेन्सन:– (१) कुनै निजामती कर्मचारी कुनै सरकारी काम कारवाइ गर्दाको सिलसिलामा दुर्घटनामा परी वा कर्तव्य पालनको सिलसिलामा आघात परी अङ्गभङ्ग भएको छ वा चोट पटक लागेको छ र सदाको लागि आर्जन गर्न नसक्ने भएको छ भने त्यस्ता निजामती कर्मचारीले निजको जीविकाको निमित्त बाचुन्जेलसम्म आफूले तत्काल पाएको तलबको ३ खण्डको १ खण्ड अंशक पेन्सन पाउने छ ।

(२) उपनियम (१) बमोजिम दुर्घटनामा परेको वा अङ्गभङ्ग भएको निजामती कर्मचारीको तत्काल वा निको नहुँदै त्यसै कारणले पछि मृत्यु भयो भने सो मृत्यु भएको १० वर्षसम्म त्यस्ता मृत कर्मचारीको आफैंले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाल्नुपर्ने सगोलको परिवारमा निम्नलिखित क्रमले सबैभन्दा नजिक ठहरिन आउने सदस्यले मृत कर्मचारीले तत्काल पाएको तलबको ३ खण्डको १ खण्ड असाधारण पारिवारिक पेन्सन पाउने छ। :–

(क) पत्नी वा पति,

(ख) छोरा वा अविवाहिता छोरी,
तर छोराहरूमा नाबालकलाई बढ्ता प्राद्यता दिनेछ।

(ग) नाबालक भाइ,

(घ) अविवाहिता बहिनी,

(ङ) कर्मचारीको छोराको विधुवा पत्नी वा छोरा,

(च) बाबु, वा आमा

(छ) भतिजा वा अविवाहिता भतिजी।

स्पष्टीकरणः– उपनियम (२) मा लेखिए बमोजिम असाधारण पारिवारिक पेन्सन पाउने सदस्य मध्ये स्त्री जाति सदस्यको विवाह वा पुर्नाविवाह भएमा निजले पाउने छैन र १० वर्ष नपुगेको भए त्यस्ताको सट्टामा र प्रथम पाउने कुनै सदस्यको मृत्यु १० वर्ष भित्रै भयो भने त्यस्ताको सट्टामा समेत क्रमानुसार त्यस पछिको सदस्यले १० वर्ष नपुगेसम्म पाउने छ।

(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अंशक पेन्सन र असाधारण पारिवारिक पेन्सनको विषयमा लोक सेवा आयोग-को परामर्श लिनु अनिवार्य हुनेछ र आयोगको सिफारिशलाई ध्यानमा राखी श्री ५ को सरकारले त्यसको पेन्सनको दर वा अवधिमा थप घट गर्न वा पेन्सनलाई उपदानमा परिणत गरी उचित सम्झेको गरी रकम उपदानको रूपमा प्रदान गर्न पनि सक्ने छ।

(४) अशक्त पेन्सन र असाधारण पारिवारिक पेन्सन मासिक ने.रु. ४००। भन्दा बढी दिइने छैन।

(घ) नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः–

७. ८ औसत तलबः यस परिच्छेदमा औसत तलब भन्नाले पछिल्लो ३ वर्षको तलबको जम्मा को ३ खण्डको १ खण्डलाई सम्झनु पर्छ।

आज्ञाले,
मे. ज. क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव,
गृह मन्त्रालय।

३८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।